

## CCHP र Sardelis परिवार

Lisa Sardelis असक्षमता भएका दुई जना बालबालिकाको एकल आमा हो: Amara 6 वर्ष र Max 11 वर्ष उमेरको हुनुहुन्छ। Amara गैर-मौखिक हुनुहुन्छ र अटिजम, सिजर विकार र जन्मजात विकारसँग निदान हुनुहुन्छ। Max गैर-मौखिक, कानूनी रूपमा आँखा नदेख्ने हुनुहुन्छ र विकासात्मक असक्षमताका साथसाथै शारीरिक सीमितताहरू छन्।

Amara र Max दुवैले बहुविध सेवाहरू प्राप्त गर्नुहुन्छ र दुवै जनाले व्हीलचेयर प्रयोग गर्नुहुन्छ।


केन्द्रिय सामुदायिक स्वास्थ्य साझेदारी (CCHP) को स्याहार समन्वयकर्ताले Sardelis परिवारलाई भेट्दा, Lisa ले चिकित्सकका भेटहरूमा उपस्थित हुन र धेरै विद्यालयमा आधारित र स्वास्थ्य स्याहार प्रदायकहरूसँग जोडिनका लागि आफ्नो सक्दो प्रयास गर्नुहुन्थ्यो। सेवा र सहायताहरूको व्यवस्था मिलाउन DPH (सार्वजनिक स्वास्थ्य विभाग) सँग कार्य गर्दा, Lisa प्रायः प्रदायक र विशेषज्ञहरूका लागि जानकारीको प्रमुख स्रोत हुनुहुन्थ्यो।

CCHP स्याहार समन्वयकले परिवारका आवश्यकताहरू द्रुत रूपमा मूल्याङ्कन गर्नुभयो र प्रत्येक बच्चाका लागि विस्तृत, व्यक्तिमा केन्द्रित स्याहार योजना विकास गर्नुभयो। यो योजनामा बालबालिकाका आवश्यकता, प्रदायक र लक्ष्यहरू समावेश गरिएको छ।

स्याहार समन्वयकले परिवारलाई बालबालिकाका दैनिक आवश्यकताहरूलाई सहायता गर्न चिकित्सा उपकरणको आवश्यक छ भनेर पनि सुनिश्चित गर्नुभयो।

एकै समयमा दुवै Amara र Max का आवश्यकताहरू समन्वय गर्न मद्दत गरेर, CCHP ले Lisa र उहाँको बालबालिकामा ठूलो प्रभाव पारेको छ।

*हामी अझ राम्रो स्वास्थ्य र कल्याणका लागि स्याहार समन्वय गर्न तपाईं, तपाईंका परिवार/स्याहारकर्ताहरू र तपाईंका चिकित्सा प्रदायकहरूसँग एकसाथ मिलेर कार्य गर्छौं। हामीले सबैजनासँग आफ्नो उच्चतम सम्भावनामा पुग्ने र समुदायका स्वस्थकर, सक्रिय सदस्यहरू हुने मौका हुनुपर्छ भन्ने विश्वास गर्छौं। हामी तपाईंलाई यो लक्ष्यसम्म पुग्नमा मद्दत गर्न चाहन्छौं।*




**centralchp.org**

**सामान्य जानकारीका लागि**
centralchp.org मा जानुहोस्
वा हामीलाई info@centralchp.org मा इमेल गर्नुहोस्

**ACO का र चिकित्सकका कार्यालयहरूका लागि:**
सन्दर्भ गर्नका लागि, सदस्यको नाम, जन्ममिति र MMIS# लाई CCHP_Referrals@centralchp.org मा इमेल गर्नुहोस्

# केन्द्रिय समुदाय स्वास्थ्य साझेदारी

व्यवहारात्मक स्वास्थ्य तथा मानव सेवाहरू









*MassHealth का लागि स्याहार समन्वय*
*ACO र MCO का सदस्यहरू*

स्याहार र सेवाहरूमा समयमै पहुँच हासिल गर्नका लागि तपाईंलाई बाधाहरू हटाउनमा मद्दत गर्ने

**centralchp.org**

## हामी को हौं

केन्द्रिय सामुदायिक स्वास्थ्य साझेदारी (CCHP) भनेको खुला आकाश सामुदायिक सेवाहरू (Open Sky Community Services) को कार्यक्रम हो। हामी AdCare अस्पताल, LUK Inc. र भेन्चर सामुदायिक सेवाहरूसँग साझेदारी गर्छौं। हाम्रा चारवटा साझेदार तपाईंलाई MassHealth अनुदान-प्राप्त स्याहार समन्वयन सेवाहरू प्रदान गर्न एकसाथ आएका छन्।

हामी Elder Services of Greater Worcester र Center for Living सँग पनि कार्य गरिरहेका छौं र तपाईंका आवश्यकताहरू पूरा गर्नमा मद्दत गर्न कार्य गरिरहेका छौं।

हाम्रो टोलीममा अनुमतिप्राप्त क्लिनिकल स्याहार व्यवस्थापक, दर्ता भएका परिचारिका र स्याहार समन्वयकहरू समावेश छन् – तपाईं जस्ता चिकित्सक र बिरामीहरूलाई मद्दत गर्न एकसाथ कार्य गरिरहेका छन्।



*प्रतिक्रियाशील | उत्तरदायी | विशेषज्ञ*

*केन्द्रिय मासाचुसेट्समा स्थानीय सामुदायिक स्रोतहरूको विस्तारित ज्ञान*

## हाम्रो भूमिका

हाम्रो भूमिका निम्नानुसार छन्:

- तपाईंका आवश्यकताहरू बुझ्ने
- तपाईंलाई आफ्ना स्वास्थ्य लक्ष्यहरू सेट गर्नमा मद्दत गर्नका लागि सहायता गर्ने
- तपाईंलाई आफ्ना आवश्यकताहरूमा मद्दत गर्नका लागि सेवाहरूमा जोड्ने

लक्ष्य भनेको तपाईंलाई राम्रो स्वास्थ्य, तन्दुरुस्त रहन र रिकभरी हुनमा मद्दत गर्ने हो। यी सेवाहरू तपाईंका MassHealth लाभहरूमा समावेश गरिएको कारणले तपाईंका लागि निःशुल्क छन्।

तपाईंले हामीलाई सजिलै पहुँच गर्न सक्नुहुन्छ:

- **तपाईं जहाँ भएपनि हामी तपाईंलाई भेट्न सक्छौं** – तपाईंको घरमा, अस्पतालमा, तपाईंको छिमेकमा, आश्रय-स्थलमा, रेस्टुरेन्ट वा रात्री भोजनमा – तपाईंले जहाँ छनोट गर्नुहुन्छ।
- **हामी तपाईंको भाषा बोल्छौं** वा तपाईंलाई दोभाषे सेवाहरू उपलब्ध गराउने छौं।
- **तपाईंका लागि के महत्त्वपूर्ण छ भनी हामीले अध्ययन गर्ने छौं** – तपाईंका सबल पक्षहरू के-के हुन्? तपाईंका लागि कस्तो कुराले अझ राम्ररी काम गर्छ? तपाईंको स्वास्थ्यका लागि तपाईंका लक्ष्य र आवश्यकताहरू के-के हुन्?
- **हामीले तपाईंलााई सेवा र सहायताहरूमा जडान गर्ने छौं** र तपाईंको विश्वासिलो स्वास्थ्य स्याहार प्रदायकसँग खुला सञ्चार सुनिश्चित गर्ने छौं।
- **हामीले स्वास्थ्य र पोषणबारे प्रशिक्षण र सहायता** उपलब्ध गराउने छौं।
- हामीले तपाईंलाई पोषण, हाउजिङ, रोजगारी र शैक्षिक स्रोतहरूमा मद्दत गर्नका लागि **तपाईंलाई सामुदायिक स्रोतहरूसँग जोड्न सक्छौं।**
- हामीले तपाईंको स्याहार टोलीमा तपाईंको चिकित्सक र अन्य विश्वसनीय प्रदायकहरूसँग निकट रूपमा कार्य गर्न **टोली पद्धति अपनाउँछौं** ।
- **तपाईंका लक्ष्यहरू पूरा नहुँदासम्म हामी तपाईंसँग कार्य गर्न जारी राख्छौं।** पारिवारिक संकट, आकस्मिक बिमारी वा रोजगारी वा लाभहरूमा परिवर्तन भएको कारणले परिवर्तन भएमा हामी द्रुत रूपमा प्रतिक्रिया जनाउन सक्षम हुन्छौं।



## *योग्यतासम्बन्धी मार्गदर्शन*

### व्यवहारात्मक स्वास्थ्य सामुदायिक साझेदार सेवाहरू (BHCP)

- *MassHealth सदस्य*
- *18 - 64 वर्ष उमेरको*
- *निम्न मध्ये एक वा थप छ:*
  - व्यवहारात्मक स्वास्थ्य वा पदार्थ प्रयोगका रिकभरी आवश्यकताहरू
  - व्यवहारात्मक स्वास्थ्य आवश्यकताहरूको साथमा बहुविध चिकित्सा स्वास्थ्य अवस्थाहरू
  - मानसिक स्वास्थ्य विभाग (DMH) को संलग्नता छ
  - ACO (उत्तरदायी स्याहार संस्था)/ MCO (व्यवस्थित स्याहार संस्था) को संलग्नता वा ACCS (वयस्क सामुदायिक क्लिनिकल सेवाहरू) को संलग्नता छ

### LTSS सामुदायिक साझेदार (LTSS-CP) सेवाहरूको योग्यता

- *ACO (उत्तरदायी स्याहार संस्था) वा MCO (व्यवस्थित स्याहार संस्था) सँग जोडिएको MassHealth सदस्य*
- *3 - 64 वर्ष उमेरको*
- *निम्न मध्ये एक वा थप छ:*
  - अभिघातक मस्तिष्कको चोटपटक वा संज्ञानात्मक दुर्बलताहरू
  - शारीरिक असक्षमता
  - अटिजमसहित बौद्धिक वा विकासात्मक असक्षमता